

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २० गते शनिबार ❑ 4 March 2023 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५।-


## व्यवस्था फेरिए तर जनताको अवस्था फेरिएन : अध्यक्ष केसी

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ फागुन

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले मुलुकमा व्यवस्थाहरू फेरिए पनि जनताको अवस्था नफेरिएको बताउनुभएको छ।




शुक्रबार बागलुङमा आयोजित राष्ट्रिय जनमोर्चाको सातौँ जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै उहाँले स्वार्थको राजनीतिले गर्दा नागरिकको अवस्था जस्ताको त्यस्तै रहेको बताउनुभयो । प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका केसीले सत्ताका लडाइँले जनता मारमा परिरहेको भन्दै लामो समय लडेर ल्याएको उपलब्धि विभिन्न शक्तिहरू सकाउने खेलमा लागेको बताउनुभयो । गाउँमा बस्ने सर्वसाधारलाई गणतन्त्र गएर लोकतन्त्र आएर केही फरक नै पार्न नसकेको अध्यक्ष केसीको भनाइ छ।

"प्रणाली फेरियो, राणा शासनको ठाउँमा राजा शासन आयो, पञ्चायती व्यवस्थाका ठाउँमा गणतन्त्र आयो, सङ्घीयता आयो तर नेपाली जनताको अवस्थामा परिवर्तन आएन", उहाँले भन्नुभयो । अध्यक्ष केसीले थप्नुभयो, "यहाँको व्यवस्थापासँग किसानहरूलाई सोझासाझा जनतालाई त्योसँग सरोकार हुँदैन, मात्र उनीहरूलाई नुन के भाउमा पाइन्छ ?, तेल के भाउमा पाइन्छ ?, छोराछोरीलाई स्कुल पठाउँदा कति 'फी' तिर्नुपर्छ ?, लत्ताकपडा चामल कसरी जोहो गर्नुपर्छ ?, त्यो बेलाको समस्या छुन्छ।"

राजनीति गर्नेहरूले देश र जनताको लागि नभई आफ्नो स्वार्थका लागि गर्ने गरेकाले आम नागरिकको जीवनमा परिवर्तन हुन नसकेको उहाँले दाबी गर्नुभयो।

## चितुवाको आक्रमणबाट तनहुँमा १४ बालबालिकाको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ फागुन

चितुवाको आक्रमणबाट यहाँ १४ बालबालिकाको मृत्यु भएको छ भने १९ जना घाइते भएका छन् । विसं २०७४ फागुन ९ गतेदेखि हालसम्म पाँच वर्षको अवधिमा जिल्लाका विभिन्न स्थानमा भएको चितुवा आक्रमणमा परी १० बालक र चार बालिकाको मृत्यु भएको हो।

यसरी मृत्यु हुनेमा बन्दीपुर गाउँपालिका-५ की सुप्रीति थापा, बन्दीपुर-१ का सुप्रिम थापा, बन्दीपुर-३ की डिना चेपाङ, व्यास नगरपालिका-१२ छिर्कनका अभिनव कुँवर र भानु नगरपालिका-३ का विशाल श्रेष्ठको मृत्यु भएको छ। त्यसैगरी भानु-४ की रञ्जिता लम्साल, भानु-२ की पुष्पा अधिकारी, सोही वडाका अमृत गुरुङ, ऋतिक रोका, भानु-१ का कुशल बानियाँ, शुक्लागण्डकी नगरपालिका-३ का रविन नेपाली, आँबुखैरेनी नगरपालिका-१ का पुजन सिञ्जाली, बन्दीपुर-४ का इसाक सुनार र शुक्लागण्डकी-२ नारन रानाको मृत्यु भएको छ।

चितुवाको आक्रमणबाट डेढ वर्षदेखि ११ वर्षसम्मका बालबालिकाको ज्यान गएको सहायक वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो। यस आर्थिक वर्षमा चार घटनामा दुई बालबालिकाको मृत्यु भएको छ भने तीन जना घाइते भएको उहाँले बताउनुभयो । त्यसैगरी यसै आवमा वन्यजन्तुबाट ४२ घटनामा ७७ पशुधन क्षति भएका छन् । त्यसमा बाख्रा ६९, बङ्गुर पाँच, गाई एक, पाडो एक र सुँगुर एक क्षति भएका छन्।

त्यसैगरी चार रतुवा मृग, एक अजिङ्गरको उद्धार गरिएको छ भने तीन चितुवा र एक निरबिरालो मृतावस्थामा फेला परेको डिभिजन वन कार्यालयका प्रमुख कोमलप्रसाद काफ्लेले जानकारी दिनुभयो। प्रत्येक पालिकामा पानीको पोखरी निर्माणकार्यलाई प्राथमिकता दिएसँगै विगतका वर्षका तुलनामा वन्यजन्तुबाट मानवीय क्षतिमा कमी ल्याउन सकिएको उहाँले बताउनुभयो।

खोलाखोल्सीमा रहेका सबै पानी बस्तीमा लैजाँदा प्यास मेटाउनका लागि वन्यजन्तु बस्तीमा पस्दा मानवीय क्षति हुने गरेकाले पोखरी निर्माणकार्यलाई तीव्रता दिइएको उहाँले बताउनुभयो।

## राष्ट्रपति/उपराष्ट्रपति निर्वाचनपछि मन्त्रिमण्डल विस्तार : महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
कास्की, १९ फागुन

सत्तारूढ नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन सम्पन्न भएपछि मात्र वर्तमान मन्त्रिपरिषद् विस्तार र पुनःगठन हुने बताउनुभएको छ।

राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन आचारसंहिता लागू भइसकेकाले विश्वासको मत लिने र मन्त्रिपरिषद्लाई पूर्णता दिन अप्ठ्यारो भएकाले आगामी चैत ५ गतेपछि मात्र प्रक्रिया सुरु हुने उहाँले बताउनुभयो । पोखरामाआजप्रदेशसभासदस्यको अभिमुखीकरण कार्यक्रममा उहाँले राष्ट्रिय स्वाधीनता र देशको अर्थतन्त्रमा देखिएको सङ्कटलगायतका समस्या समाधान गर्न न्यूनतम सहकार्य अनिवार्य रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "देशमा विद्यमान समस्या समाधान गर्न दलबीच सहकार्य हुनुपर्दछ । अहिले सबै दललाई जुटाउन प्रयास गरे पनि जुट्न सकेन, नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सहमत नहुँदा सरकारबाट बाहिरिएका छन्। यस अवस्थामा आठ दल बसेर सहकार्य गर्दै अघि बढ्ने सैद्धान्तिक सहमति भएको छ ।" महासचिव गुरुङले आगामी राष्ट्रपतिका लागि आठ दलीय गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सुरुआतदेखि अहिलेसम्म लोकतन्त्रको रक्षा र मुलुकको परिवर्तनका भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो।

यही फागुन २५ गतेको निर्वाचनमा पौडेल राष्ट्रपतिमा निर्वाचित हुने निश्चित रहेको गुरुङको भनाइ छ।

## सिक्लेसमा ध्वाँसे चितुवा संरक्षणमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

कास्कीको मादी गाउँपालिका-१ सिक्लेसले ध्वाँसे चितुवा संरक्षणमा जोड दिएको छ।

प्रकृतिका साथी संस्थाले बिहीबार यहाँ आयोजना गरेको कार्यशालामा सहभागीले ध्वाँसे जनावरको संरक्षणमा जोड दिएका हुन् । मादी-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले ध्वाँसे चितुवालाई स्थानीय जनावर घोषणा गरी संरक्षणमा जोड दिइरहेको बताउनुभयो । गाउँपालिकाको विसं २०७५ कात्तिकमा बसेको कार्यपालिका बैठकले ध्वाँसे चितुवालाई गाउँपालिकाको स्थानीय जनावर घोषणा गरेको उहाँले जानकारी दिनुभयो। स्थानीयस्तरमा जनचेतना जगाउँदै प्रत्येक वर्ष ध्वाँसे चितुवा संरक्षणसम्बन्धी मेला तथा कार्यक्रम आयोजना गर्न गाउँपालिका कार्यालयलाई आग्रह गरिने उहाँले बताउनुभयो । प्रकृतिका साथीहरू संस्थाका प्रमुख राजु आचार्यले उक्त गाउँपालिकाभित्र ध्वाँसे चितुवाको अध्ययन विभिन्न कोणबाट भइरहेको जानकारी दिनुभयो । संस्थाले जङ्गली जनावरबाट हुनसक्ने क्षति न्यूनीकरण तथा राहतस्वरुप अक्षयकोष स्थापना गर्न नगद सहयोग गरेको वडाअध्यक्ष गुरुङले बताउनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन समिति सिक्लेसलाई रु दुई लाख प्रदान गरिएको उहाँले जानकारी दिनुभयो । अक्षयकोषबाट प्राप्त ब्याजले जङ्गली जनावरबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि राहत प्रदान गरिने भएको छ । तल्लो अन्नपूर्ण क्षेत्रको एक हजार चार सयदेखि तीन हजार पाँच सय मिटर उचाइमा पाइने ३० प्रजातिमध्ये यो विश्वव्यापीरूपमा संवेदनशील सूचीमा छ । आइयुसीएनले नेपालभित्र भने यसलाई सङ्कटापन्नको सूचीमा राखेको छ। सन् २०१० मा भएको एक कार्यशालाअनुसार नेपालमा करिब एक सयको हाराहारीमा ध्वाँसे चितुवा रहेको अनुमान गरिएको छ। कार्यक्रममा मादी-१ सिक्लेसका उमरबहादुर गुरुङ सन्तोषलाई ध्वाँसे चितुवा संरक्षणदूतका रूपमा संस्थामार्फत प्रमाणपत्र प्रदान गरिएको थियो।

## बालअधिकार संरक्षणमा चुनौती बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

बालअधिकारका लागि नागरिक समाज (बालअधिकार मञ्च) कास्कीले बाल संरक्षणमा देखिएका चुनौतीका बारेमा छलफल गरेको छ।

मञ्चले विगत तीन महिनाको अवधिमा नागरिक समाजका तर्फबाट बालअधिकारको संरक्षण सम्वर्द्धनका क्षेत्रमा गरेका कार्य र बाल संरक्षणमा देखिएका चुनौतीका बारेमा छलफल गरेर जिम्मेवार निकायको ध्यानाकर्षण गराएको हो । मञ्चले पछिल्लो समयमा बालबालिका माथि भएका हिंसाका घटना, दुर्घटना, बालश्रम शोषण, मानव बेचबिखनका घटना र सम्बन्धित निकायबाट भएका काम कारबाही प्रति चासो व्यक्त गर्दै ध्यानाकर्षण गराएको पोखरा शान्तिका लागि नागरिक समाजका सञ्जाल संयोजक बीना सिलवालले जानकारी दिनुभयो। उहाँका अनुसार पछिल्लो समयमा पोखराका विभिन्न ठाँउमा नाम नभएका खाजा घर मात्र लेखिएका ठाउँमा १८ वर्ष मुनिका बालिका राखिएको र उनीहरूलाई शङ्कास्पद तथा जोखिमपूर्ण कार्यमा लगाउने गरेको विभिन्न माध्यमबाट जानकारी पाइएको छ। साथै आर्थिक अवस्था कमजोर भएका परिवारका बालिकालाई ललाइफकाइ गरेर परिबन्धमा पारेर जोखिम पूर्ण कार्यमा संलग्न गराउने गरेको भेटिएको छ । पोखरामा १४ वर्ष मुनिका बालबालिका बालश्रममा देखिनुका साथै बालश्रम निषेध तथा नियमन गर्ने ऐन २०५६ ले जोखिमपूर्ण कामका रूपमा परिभाषित गरेका क्षेत्रमा १८ वर्ष मुनिका बालबालिका श्रममा लगाएको पाइएको विषयमा पनि मञ्चले ध्यानाकर्षण गराएको छ । बालश्रमका समस्याअनुसार उद्धार, मुद्दा दर्ता, कारबाही हुन नसकिरहेको र अधिकार प्राप्त निकायबाट गरिनुपर्ने अनुगमन तथा नियमनका कार्य पनि सन्तोषजनक नभएको उल्लेख गरिएको छ । पोखरा महानगरपालिकामा बालश्रम, बालसंरक्षणको प्रमुख सवाल तथा चुनौतीका रूपमा रहँदै आएको र अर्कोतर्फ सुरुआतदेखि नै बालश्रम निषेध तथा नियमन गर्ने ऐन २०५६ को प्रभावकारी कार्यान्वयन हुन नसकिरहेकोप्रति पनि ध्यानाकर्षण गराइएको छ । पोखरा-५ खुँडेपोखरीमा डुबेर चार वर्षका बालकको मृत्यु भएको घटना, पोखरा सेतीदोभानस्थित सेनाको प्रशिक्षण केन्द्रको रेञ्ज नजिकको ठाँउमा फेला परेको भनिएको विस्फोटक पदार्थ चलाउँदा उक्त वस्तु पड्कन गई दुई बालक घाइते भएको घटनालाई सरकारले गम्भीरतापूर्वक लिँदै यस किसिमका जोखिम क्षेत्रको पहिचान गरी तार जालीलगायत आवश्यक सुरक्षाको व्यवस्था गर्न माग गरिएको छ । पोखराका विभिन्न स्थानमा बालबालिका विद्यालय नगई विद्यालय तथा घर छाडेर नै स्केट खेल्नका लागि जाने, कुलतमा फस्ने, त्यहाँबाट नराम्रा जोखिमपूर्ण गतिविधिमा समेत संलग्न हुन गएका जनाउँदै मञ्चले निगरानी गर्न माग गरेको छ। बालअधिकार संरक्षणका विषयमा पोखरा शान्तिका लागि नागरिक समाज, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), बालहितकारी परियोजना नेपाल, चिल्डेन नेपाल असल छिमेकी सहयोग सङ्घ (गोनेसा), पोखरा उद्योग वाणिज्य सङ्घ बलश्रम न्यूनीकरण कार्यक्रम, कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र, शिक्षाका लागि राष्ट्रिय अभियान गण्डकी प्रदेश, एड्भोकेसी फोरम, राइटफर चिल्ड्रेन, सुअवसर ग्राम नेपाल, सिविन नेपाल, शक्ति समूह, महानगर बालमञ्चलगायतका प्रतिनिधिले उक्त समस्याका विषयमा हस्ताक्षर गरी महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, श्रम तथा रोजगार कार्यालयलाई ध्यानाकर्षण पत्र बुझाइएको संयोजक सिलवालले जानकारी दिनुभयो।


**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

◆ खुल्ला स्थानमा दिसापिसाब नगरौं।
◆ शौचालयमा मात्र दिसापिसाब गरौं।
◆ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
◆ हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
◆ सफा कपडा वा तौलियाले हात पुछौं। जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# पाँचौं सृजना कपको छात्रामा शान्त र छात्रमा ब्रम्हरुपालाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन



पाँचौं सृजना कपको उपाधि छात्रातर्फ शान्त मावि र छात्रतर्फ ब्रम्हरुपा माविले जितेका छन् ।

पोखरा रंगशालामा शुक्रबार फाइनलमा कन्या माविलाई सोझो सेटमा पराजित गर्दै शान्तले उपाधि रक्षा गरेको हो । पोखरा १८, भकुण्डेस्थित शान्त गत वर्षको पनि विजेता हो। अत्यन्तै प्रतिस्पर्धात्मक फाइनलमा कन्यालाई २५-२०, २५-१७ र २५-१६ सेटमा पराजित गर्दै शान्तले उपाधिसहित १ लाख रुपैयाँ जितेको छ । छात्रतर्फ राष्ट्रिय माविलाई ३-२ सेटमा पराजित गर्दै पोखराको राजाकोचौतारास्थित ब्रम्हरुपाले उपाधि चुमेको हो । अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा २५-१८, १९-२५, २५-२०, १५-२५ र १५-१३ सेटमा हरायो । पहिलो सहभागितामै उपाधिसहित ब्रम्हरुपाले १ लाख पुरस्कार प्राप्त गरेको छ । छात्रातर्फ जनप्रिय मावि तेस्रो भयो । शुक्रबार तेस्रो स्थानको लागि भएको खेलमा इन्द्रराज्यलक्ष्मीलाई २५-१६, २५-१४ र २५-१९ को सोझो सेटमा हराएको हो । छात्रतर्फ साविक विजेता शान्त मावि यसपालि तेस्रो स्थानमा सीमित भयो । उसले जनप्रियलाई ३-१ सेटमा पराजित गरेको हो । २५-२२, २५-२१ गरी पहिलो दुई सेट आफ्नो पक्षमा पारेकोमा तेस्रो सेट गुमाउन पुगेको थियो । जनप्रियले १८-२५ ले पराजित गरेकोमा अन्तिम सेट भने शान्तले २५-१३ मा जित्न सफल भयो । छात्रछात्रा दुवैतर्फ विजेतालाई १/१ लाख, उपविजेतालाई ६०/६० हजार र तृतीयलाई ३५/३५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरियो । उत्कृष्ट खेलाडी छात्रातर्फ शान्त माविकी जमुना गुरुङ घोषित हुँदा छात्रतर्फ ब्रम्हरुपाका सुदीप परियार बने । छात्रातर्फ उत्कृष्ट सर्भर शान्तकी त्रिशला बराम, सेटर कन्याकी हिरा रोका, डिफेन्डर कन्याकै तुलकुमारी थापा, ब्लकर शान्तकी शोभा पाइजा, स्पाइकर जनप्रियकी स्माइल पुल, प्रशिक्षक शान्तका दिनेश चौधरी घोषित भए । छात्रतर्फ उत्कृष्ट सर्भर शान्तका ज्ञानु परियार, ब्लकर राष्ट्रियका राजकुमार सुनार, डिफेन्डर ब्रम्हरुपाका मनिष ठकुरी, सेटर ब्रम्हरुपाकै अञ्जन सुनार, स्पाइकर राष्ट्रियका अनिल परियार, प्रशिक्षक ब्रम्हरुपाका सुन्दर श्रेष्ठ घोषित भए । विजेतालाई प्रदेश खेलकुद परिषद् गण्डकी उपाध्यक्ष धोजकुमार गुरुङ, भलिबल संघका केन्द्रीय सल्लाहकार नारायण शर्मा, सृजना विकास केन्द्र अध्यक्ष कृष्णबहादुर थापा, कास्की जिल्ला भलिबल संघ अध्यक्ष विष्णु गुरुङ, सृजना विकासका संस्थापक अध्यक्ष डम्बरबहादुर केसी, पूर्व अध्यक्ष गणेशबहादुर अधिकारी, हरिप्रसाद बराल, निवर्तमान अध्यक्ष एवं प्रचार संयोजक इन्द्रप्रसाद पौडेल लगायतले पुरस्कार वितरण गरेका हुन् । सर्वोत्कृष्ट छात्रछात्रा दुवैलाई जनही ५ हजार र अन्य ६ विधाका उत्कृष्ट खेलाडीलाई पुरस्कृत गरियो । उत्कृष्ट प्रशिक्षकले ५ हजार पाए । सृजना विकास केन्द्र र कास्की जिल्ला भलिबल संघको संयुक्त आयोजनामा पाँचौं सृजना कप कास्की जिल्ला सामुदायिक विद्यालय छात्रछात्रा भलिबलमा छात्रतर्फ ३० र छात्रातर्फ १५ टिमले भाग लिएका थिए । समापन समारोहमा कास्की जिल्ला भलिबल संघ अध्यक्ष विष्णुबहादुर गुरुङको अध्यक्षतामा भएको हो । प्रमुख अतिथि राखेप बोर्ड सदस्य राजेशकुमार गुरुङले भलिबल खेलको विकासका लागि आफू सधैं दत्तचित्त रहेको बताए । कार्यक्रमको उद्देश्यमाथि सृजना विकास केन्द्रका अध्यक्ष कृष्णबहादुर थापाले प्रकाश पारेका थिए । स्वागत भलिबल संयोजक मीनप्रसाद भट्टराई र संचालन कास्की भलिबल संघ महासचिव टंकराज पौडेलले गरेका थिए ।

सो अवसरमा भलिबल संघका केन्द्रीय सल्लाहकार एवं टाइगर ग्रुपका अध्यक्ष नारायणप्रसाद शर्मा, भलिबल संघ कास्की निवर्तमान अध्यक्ष भीम पराजुली, सृजना विकास केन्द्रका संस्थापक अध्यक्ष डम्बरबहादुर केसी, हरिप्रसाद बराल, तत्कालीन सृजना रनिङ सिल्डका संयोजक एवं सृजना विकास केन्द्रका पूर्व उपाध्यक्ष वीरेन्द्रनारायण बिजुक्छेलाई भलिबल खेल एवं संस्थागत योगदानमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरियो ।

इन्द्रराज्यलक्ष्मी माविलाई अनुशासित टिमको उपाधि दिइयो । समापनमा सृजना बहिरा विद्यालयका विद्यार्थीले नृत्य प्रस्तुत गरेका थिए । स्कुल स्कुलमा भलिबल लक्ष्यका साथ आयोजित प्रतियोगिता ४ दिन चलेको थियो ।

# इन्जिनियरिङ अध्ययन संस्थानमा जिओम्याटिक्स विषयको प्रवेश परीक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

पोखराको लामाचौर स्थित ई. अ. सं. पश्चिमाञ्चल क्याम्पसमा इन्जिनियरिङ अध्ययन संस्थानमा पहिलो पटक काठमाडौं बाहिर शैक्षिक बर्ष २०७९/०८० लागि सूचना प्रविधिको आधारमा कम्प्युटर परीक्षा प्रणालीको बिधिमार्फत स्नातकोत्तर तह जिओम्याटिक्स बिषयको प्रवेश परीक्षा भएको छ ।

यो पटक जिओम्याटिक्स बिषयमा स्नातकोत्तर तह अध्ययन गर्न चाहने बिद्यार्थीका लागि उक्त परीक्षा केन्द्रमा व्यवस्था मिलाईएको जानकारी क्याम्पसका क्याम्पस प्रमुख ई. निर्मल प्रसाद बरालले जानकारी गरानुका साथै आगामी दिनमा स्नातक तथा स्नातकोत्तर तहका अन्य बिषयहरू अध्ययन गर्न चाहने बिद्यार्थीहरूका लागि पनि पश्चिमान्चल क्याम्पसमा प्रवेश परीक्षा दिन मिल्ने व्यवस्था गराउने गरी अवश्यक प्राविधिक तयारी पनी पुर्ण भएको बराललले जानकारी दिनुभयो ।

ई. अ. सं अन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा अध्ययन गर्न चाहाने विद्यार्थीले प्रवेश परीक्षा दिन यस आगाडी काठमाडौं नै धाउन पर्ने वाध्यता थियो अव त्यो वाध्यता हटेको छ ।

# महाकाव्यकार चालिसेको मैले देखेको पोखरा लोकर्पण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन



महाकाव्यकार वसन्तप्रसाद चालिसेको 'मैले देखेको पोखरा-२०७९' पुस्तक लोकार्पण गरिएको छ ।

कस्केली अधिकृत समाजद्वारा पोखरामा आयोजित एक कार्यक्रममा उच्च अदालत पोखराका मुख्य न्यायाधिश डिल्लीराज आचार्यले पुस्तकको लोकार्पण गर्नुभयो । कार्यक्रममा मुख्य न्यायाधिश आचार्यले पोखरा महानगरपालिकामा लामो समय सेवा गरेका चालिसेले त्यहाँका भोगाई तथा अनुभवलाई पुस्तकमा उतार्नुभएको बताउनुभयो।महानगरलाईव्यवस्थित एवम् प्रभावकारी बनाउनका लागि चालिसेका भोगाई तथा अनुभव भावी दिनका लागि प्रेरक बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

कस्केली अधिकृत समाजका सल्लाहकार एवम् अन्तराष्ट्रिय नेपाली साहित्य समाज नेपाल गण्डकी प्रदेशका अध्यक्ष दुर्गाबहादर शाह 'बाबा'ले महानगरका सेवाकालीन भोगाई तथा अनुभवलाई समेटेर तयार पारिएको पुस्तक पोखराको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्न चाहनेका लागि पनि महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा कस्केली अधिकृत समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीले महानगरपालिकाको विगतदेखि बर्तमानसम्मका गतिविधिहरूलाई नियाल्नका लागि पुस्तक महत्वपूर्ण बन्ने बताउँदै महानगरभित्रका कमीकमजोरी सुधार्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि पनि पुस्तक उपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो ।

पुस्तकको समिक्षा गर्दै साहित्यका असफल गौतमले विगतदेखि बर्तमानसम्मको पोखरा, यहाँ भएगरेका गतिविधि पुस्तकमा समेटिएको बताउनुभयो । पोखरा महानगरबारे बुझ्न चाहने र यहाँको अध्ययन अनुसन्धान गर्नेका लागि पनि यो पठनीय हुने उहाँले बताउनुभयो । कस्केली अधिकृत समाजका सल्लाहकार कृष्णकान्त सिग्देल, उपाध्यक्ष लोकनाथ दवाडी, सचिव महेश पौडेल, सदस्य एवम् पोखरा महानगरपालिका वडा नं ३ का वडा सचिव चन्द्रवती वाग्ले, पुस्तकका लेखक वसन्तप्रसाद चालिसे, पोखरा महानगरपालिका वडा नं ३ का वडा अध्यक्ष प्रकाशमान उदास, पोखरा महानगरपालिकाका लेखा अधिकृत जयराम पौडेल लगायतले पुस्तकका सम्बन्धमा चर्चा गर्नुभएको थियो । पोखरा महानगरपालिकामा २०३९ सालदेखि २०७६ सालसम्म सेवा गर्नुभएका बरिष्ठ अधिकृत चालिसेका यस अघि श्री स्वस्थानी ब्रतकथा महाकाव्य(२०७७) सँगै विभिन्न पत्रपत्रिका, स्मारिकामा फुटकर लेख तथा रचनाहरू प्रकाशन भैसकेका छन् । विभिन्न सामाजिक संघ संस्थामा नेतृत्व गर्नुभएका चालिसे कस्केली अधिकृत समाजको कार्यसमिति सदस्य हुनुहुन्छ ।

# यस वर्ष पनि विदेशीसँग होली पर्व मनाउने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

पोखरामा यस वर्ष पनि होली पर्व विदेशीहरुसँग मनाइने भएको छ ।

रेष्टुरेण्ट एण्ड वार एशोसियसन नेपाल (रेवान) पोखराको आयोजनामा यही फागुन २२ गते होली पर्वको अवसरमा विदेशीसंगै रमेर होली पर्व मनाउने तयारी गरिएको रेवान पोखराका अध्यक्ष नरेश भट्टराईले बताए ।

नेपालीहरुको चार्ड होली पर्वको बारेमा विदेशी पाहुनाहरुलाई जानकारी गराउदै नेपाली परम्पराको रुपमा रहेको होली पर्व पन्चेबाजा सहित धुमधामका साथ मनाउने तयारी गरिएको उनले जनाए। होली पर्व मनाउन पोखरा क्षेत्रमा रहेका विदेशी पाहुनाहरुको सहभागिता बढाउन पनि होटल तथा रेष्टुरेण्टमा आगन्तुक पाहुनालाई निम्तो दिने कार्य जारी रहेको अध्यक्ष भट्टराईले जनाए । पोखराको अम्वोटदेखि गौरीघाट, बाराहीघाट, सेन्टर प्वाइट, हल्लनचोक हुदै खहरेचोकसम्म स्वदेशी तथा विदेशीहरु बिच सामुहिक रुपमा होली पर्व मनाउने भएको उनले जनाए । रंगहरुको पर्वको रुपमा रहेको होली पर्वले आपसी सदभाव कायम गर्दै पोखराको पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने अध्यक्ष भट्टराईले विश्वास लिएका छन् । रेवान पोखराले नेपालको संस्कृति र पर्वको बारे जानकारी गराउँदै एक आपसमा मित्रता र सद्भाव साटासाट गर्ने उद्देश्यले उक्त महोत्सव २०७५ देखि विभिन्न मनोरञ्जनात्मक कार्यक्रम सहित मनाउदै आएको छ । पोखरा क्षेत्रका युवा युवती होली पर्व मनाउन लेकसाइड क्षेत्रमा हरेक बर्ष उर्लिने गरेका छन् ।


Government Of India

**Embassy of India**
**Kathmandu (Nepal)**

**Vacancy Announcement**

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the post of **Female Attendant** for ECHS Polyclinic Pokhara.
2. For qualification, Work experience, salary, terms & conditions and other details, see **website. www.indembkathmandu.gov.in.**
3. Applications to be submitted at the following address by 12 Mar. 2023.

**Pokhara**
Office-in-Charge
ECHS Polyclinic
Embassy of India
Pension Paying Office
Pokhara (Nepal)
Tele No.: 061-430232, 061-431477



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नेपाल लोकतान्त्रिक उद्योग वाणिज्य संघको स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

नेपाल लोकतान्त्रिक उद्योग वाणिज्य संघ (प्रजातान्त्रिक व्यवसायी संघ), गण्डकी प्रदेशले आफ्नो प्रथम स्थापना दिवस एक कार्यक्रमका बीच शनिबार सम्पन्न गरेको छ।

दिवसको नेपाली काँग्रेस गण्डकी प्रदेश समितिका सभापति शुक्रराज शर्माले उद्घाटन गर्नुभयो। कार्यक्रममा प्रदेश सभापति शर्माले प्रजातन्त्रवादी व्यवसायीलाई संगठित गर्दै व्यवसायी र राजनीतिबीच सहसम्बन्ध कायम गर्ने उद्देश्यका साथ संस्थाको गठन भएको बताउनुभयो । संस्था स्थापनाको एक वर्ष अवधिमा महत्वपूर्ण उपलब्धि हासिल भएको बताउँदै उहाँले व्यवसायी र राजनीतिलाई एक अर्काका अभाव पूरा गर्ने गरी अघि बढाइएको बताउनुभयो। व्यवसायका क्षेत्रमा देखिएको समस्यालाई समाधान गर्नुपर्नेमा जोड दिदै उहाँले व्यक्ति व्यक्तिलाई सम्पन्न बनाउने गरी लाग्नु जरुरी भएको बताउनुभयो।

उद्योग व्यवसाय र राजनीति दुबैलाई सफल बनाउने गरी सहकार्य गर्दै अघि बढ्नु जरुरी रहेको बताउँदै सभापति शर्माले हामीसँग रहेका साधनस्रोतको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्नुपर्नेमा जोड दिनुभयो। नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय अध्यक्ष आनन्दराज मुल्मीले विद्यमान आर्थिक समस्या बारे सम्बद्ध पक्षबीच बहस हुनु जरुरी रहेको बताउनुभयो। नेपालमा देखिएको आर्थिक समस्या समाधानका लागि उत्पादनमा जोड दिदै रोजगारी सिर्जनातर्फ लाग्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो । नेपाल लोकतान्त्रिक उद्योग वाणिज्य संघ गण्डकी प्रदेशका अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यले चर्को ब्याजदर लगायतका समस्याले व्यवसायीहरू गम्भीर समस्यामा रहेको बताउँदै यसले आत्मदाहजन्य घटनाहरू बढ्नु चुनौतीका रुपमा देखिएको बताउनुभयो।

प्रजातन्त्रवादी व्यवासायीलाई संगठित गर्दै व्यवसायिक क्षेत्रका समस्यामा हातेमालो गर्नका लागि संघको गठन भएको उहाँले स्पष्ट पार्नुभयो । गण्डकीमा १० वटा जिल्लामा संघका समितिहरू गठन भएको उहाँले जानकारी दिनुभयो । नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन प्रजापति, नेपाल लोकतान्त्रिक उद्योग वाणिज्य संघ पर्वतका अध्यक्ष शिव शर्मा पौडेल, नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रीय सदस्य अमृत भट्टचन, नेपाल लोकतान्त्रिक उद्योग वाणिज्य संघ गण्डकी प्रदेशका महासचिव इश्वरप्रसाद कर्माचार्य लगायतले व्यवसायका क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

# फ्लो फ्लो कपमा शनिवार सेमी फाइनल र फाइनलका खेलहरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन



प्रथम फ्लो फ्लो कपमा रत्नचोक, गन्नी एफसी ब्लु, रत्नसमाज र प्रोफिट एफसी सेमी फाइनलमा प्रवेश गरेका छन।

गन्नी एफसी फुटवल क्लबको आयोजनामा पोखराको माछापोखरी खेलमैदानमा जारी प्रथम फ्लो फ्लो कपमा शुक्रबार सम्पन्न क्वाटर फाइनल खेलबाट रत्नचोक, गन्नी एफसी ब्लु, रत्नसमाज र प्रोफिट एफसी सेमी फाइनलमा प्रवेश गरेका हुन।

शुक्रबार सम्पन्न पहिलो खेलमा रत्नचोक र केआईइसी बुन एफसी बिचको खेलमा निर्धारित समयमा कुनै गोल हुन नसक्दा टाईब्रेकरमा ३-२ गोल अन्तरले रत्नचोकले केआईइसीलाई पराजित गर्दै सेमिफाइनलको यात्रा तय गर्‍यो। त्यसैगरी दोश्रो खेलमा गन्नी एफसी ब्लुले रामघाटलाई १-० गोल अन्तरले पराजित गर्‍यो। खेलमा गन्नीका विश्व थापाले निर्णायक गोल गरे।

तेश्रो खेलमा रत्नसमाजले कमलपोखरीलाई १-० गोल अन्तरले पराजित गर्‍यो। खेलमा रत्न समाजका बिनय तामाङले निर्णायक गोल गर्न सफल भए। शुक्रबार सम्पन्न अन्तिम खेलमा प्रोफिट एफसीले गन्नी एफसी रातोलाई ३-० गोल अन्तरले पराजित गर्दै सेमी फाइनलमा प्रवेश गर्‍यो। प्रोफिटका सोवित भण्डारीले २ र मनिल गुरुङले १ गोल गरे । प्रतियोगिताको विजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित २ लाख एघार हजार १ सय ११ रुपैया प्रदान गरिने आयोजकले जनाएको छ।

प्रतियोगितामा उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई ट्रफि सहित ७ हजार र गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही ५-५ हजार रुपैयाँ र ट्रफि प्रदान गरिने छ।

# प्रधानाध्यापकलाई पूर्वविद्यार्थीको एक लाख पुरस्कार

**पोखरापत्र संवाददाता**
बेनी, १९ फागुन

रौटहटको यमुनामाई गाउँपालिका-३ का जाहुर आलमले म्याग्दीको धौलागिरि गाउँपालिका-५ मल्कबाङस्थित जनजागृति माविमा तीन दशकसम्म समय अध्यापन गर्नुभयो । विज्ञान विषयमा स्नातक उत्तीर्ण गरेपछि उहाँ जागिरको सिलसिलामा २०५० सालमा म्याग्दी आउनुभएको हो।

आलमलाई तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलबहादुर छन्त्यालले शिक्षा कार्यालयबाट अनुमति लिएर निजी स्रोतबाट विज्ञान शिक्षकको रुपमा नियुक्त गर्नुभएको थियो । जिल्ला सदरमुकाम बेनीदेखि पैदल हिंडेर दुई दिनमा विद्यालय पुग्नुभएका आलमले सुरुआतका दिनमा अग्ला पहाड र दुर्गम बस्तीको बसाईलाई बिट मार्ने सोच बनाउनुभयो । तर विद्यालयमा अध्यापन गर्दै जाँदा उहाँले तीन दशक एउटै विद्यालयमा बिताउनुभयो । आलमले पढाउन थाल्नुभएपछि २०५१ सालदेखि कक्षा ९ को पठनपाठन सुरु गरेर उक्त विद्यालयलाई माविमा स्तरवृद्धि गरिएको थियो । विसं २०५७ देखि विद्यालयमा उहाँले प्रधानाध्यापकको जिम्मेवारीसमेत बहन गर्नुभयो। उहाँ आगामी २०८० असोज ३ गतेदेखि अनिवार्य अवकाश लिँदै हुनुहुन्छ। आलमको योगदानको कदरगर्दै स्थानीयवासी र पूर्वविद्यार्थीले भव्य सम्मान गरेका छन्।

विद्यालयका पूर्वविद्यार्थीको पहलमा मल्कबाङ समाज युकेले आलमलाई रु एक लाखसहित सम्मानपत्रद्वारा सम्मान गरेको छ। विद्यालयमा हालै आयोजित एक समारोहमा मल्कबाङ समाज युकेका अध्यक्ष शेर छन्त्यालले उहाँलाई नगदसहित सम्मानपत्र प्रदान गर्नुभयो । “विद्यालयको स्तरवृद्धि गरी शिक्षण पेशाका माध्यमबाट आलमले पुर्‍याउनुभएको योगदानको कदर गर्दै उहाँलाई सम्मानित गरिएको हो”, अध्यक्ष छन्त्यालले भन्नुभयो । सम्मान ग्रहणपश्चात् प्रअ आलमले गाउँलेको अपार मायाले आफूले दुर्गमको दुःख भुलेर शिक्षणमा रमाएरै तीन दशक बिताएको बताउनुभयो। “वर्षौंसम्म पैदल हिंडेर पहाडको स्कुलमा आउने गर्थ्यौं, केही वर्षअघि मात्रै यहाँको गाउँमा मोटरबाटो आएको हो, बेनीदेखि यहाँ आउन हिजोका दिनमा निकै दुःख थियो, विद्यार्थीर अभिभावकको स्नेह र आत्मीयताले मलाई यो स्कुल छाडेर हिंड्न मनै लागेन”, आलमले भन्नुभयो । विद्यालय सञ्चालनमा देश तथा विदेशमा रहेका मल्कबाङ्वासीले गर्ने सकारात्मक सहयोग र योगदानले आफू प्रभावित बनेको उहाँले अनुभव सुनाउनुभयो। दुर्गम विद्यालयमा राज्यको ध्यान र पहुँच कम पुग्ने भए पनि समुदायको अग्रसरता र क्रियाशीलताले विद्यालय सञ्चालनमा ठूलो योगदान पुगेको उहाँको भनाइ छ।

विद्यालयमा निजी शिक्षकको रुपमा कार्यरत रहेको दुई वर्षमा अस्थायी सरकारी कोटामा नाम निकालेर अन्यत्रको विद्यालयमा पदस्थापना भएपछि आलमलाई गाउँलेले शिक्षा कार्यालयमा धर्ना दिएर मन्त्रालयसम्म पुगेर विद्यालयमा मावि दरबन्दी थप गेर पुनः विद्यालयमै फर्काएका थिए। विसं २०५३ सालमा परीक्षा दिएर २०६० सालमा नजिता प्रकाशन भएको शिक्षक सेवा आयोगको माध्यमिक तह तृतीय श्रेणी पदमा उत्तीर्ण भएर स्थायी शिक्षक सेवामा प्रवेश गर्नुभएका आलम २०६७ मा माध्यमिक तह द्वितीय श्रेणीमा बढुवा हुनुभएको थियो । आलमको परिवार भने रौटहटमै बस्दै आएको छ।

# अवरुद्ध डुम्रे-बैंसीसहर सडक सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

सुक्खा पहिराले गएरातिदेखि अवरुद्ध भएको डुम्रे बैंसीसहर सडकखण्ड पुनः सञ्चालनमा आएको छ।

यस सडकअन्तर्गत बैंसीसहर नगरपालिका-१ उदिपुरको देउराली डाँडा सुक्खा पहिरा हटाएसँगै शुक्रबार बिहानदेखि पुनः सञ्चालनमा आएको हो । अघिल्लो भदौ महिनामा पहिराले पक्की सडक भत्काएपछि सो स्थानमा गत वर्ष पुनः पहिरा गएपछि वैकल्पिक सडक खुलाइएको सो स्थानमा ढुङ्गा माटा झरेर अवरुद्ध भएको थियो। माथिबाट झरेको ढुङ्गा माटा डुम्रे बैंसीसहर चामे योजना सडक कार्यालय लमजुङका डोजरले पहिरा हटाएपछि रोकिएर बसेको विभिन्न सवारी साधन पुनः सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जगदिश रेग्मीले बताउनुभयो । उहाँका अनुसार बैंसीसहरबाट काठमाडौं, पोखरा, चितवन, गोरखा, तनहुँ जाने र सो स्थानबाट बैंसीसहर आउने सवारी साधन सञ्चालन भएसँगै यात्रु हर्षित भएका छन्। बयालीस किलोमिटर रहेको यस सडकखण्डमा सबैभन्दा बढी यहाँ समस्या भइरहेको छ । दिनहुँजसो सुक्खा पहिराले पटक पटक सवारी साधन रोकिँदै आएको छ।

पहिरो ठूलो रहेकाले तत्काल दिगोरुपमा समाधानसमेत गर्न सक्ने अवस्था छैन । यस पहिरो मर्मत गर्नका लागि रु २० करोडमा ठेक्कासमेत गरिसकेको डुम्रे बैंसीसहर चामे सडक योजना कार्यालयले जनाएको छ। हिउँदमा जसोतसो सवारी साधन चल्दै आए पनि वर्षामा भने ठप्प हुने देखिन्छ । यस सडक हुँदै मनाङवासीसमेत आवतजावत गर्ने गर्छन्।

यस सडक अवरुद्धका कारण उनीहरूलाई समेत समस्या हुने गर्दछ । यस सडक अवरुद्धका कारण अन्य सार्वजनिक सवारी साधन रोकिनु सामान्य कुरा भए तापनि यस पहिरामा आकस्मिक एम्बुलेन्ससमेत रोकिनुपर्ने अवस्था छ।

# पर्यटकीयस्थलमा फोरजी सेवा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ फागुन

नेपाल टेलिकमले धौलागिरि क्षेत्रका धार्मिक तथा पर्यटकीयस्थलमा थ्रीजी र फोरजी सेवा विस्तार गरेको छ।

बागलुङ, म्याग्दी, मुस्ताङ र पर्वतका धार्मिक र पर्यटकीयस्थलमा विस्तार गरिएको यो सेवाले पर्यटकीय क्षेत्रको भ्रमणमा निस्कने स्वदेशी तथा विदेशी पर्यटकलाई सहज भएको छ । नेपाल टेलिकम बागलुङ शाखाका प्रमुख केशव शर्माले १० देखि १५ घर बस्ती भएको स्थानदेखि पदमार्ग, राजमार्ग र सार्वजनिक महत्वको क्षेत्रमा सहजै इन्टरनेट प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको जानकारी दिनुभयो । “यो व्यवस्थापछि धेरैले गाउँमा सुरक्षाको अनुभूति गरेका छन्”, उहाँले भन्नुभयो, “विशेषगरी म्याग्दी र मुस्ताङका उपभोक्ताले दुर्घटनापछिको खोजी, उद्धार, प्रसूति, सेवा र पर्यटकको सुरक्षामा बढी राहत महसुस गरेका छन् ।” धौलागिरि बेसक्याम्प जाने पर्यटकका लागि पछिल्लो पटक बगरको डाँडामा राखिएको फोरजी टावरले सहयोग पुगेको छ। यहाँबाट गुर्जाघाट र ढोरपाटनको उत्तरी भेगमा टेलिफोन, मोबाइल र इन्टरनेट चल्न थालेको छ।

“गाउँमा फोन लाग्दैनथ्यो, मोबाइलमा कुराकानी गर्न डाँडामा पुग्नुपर्ने समस्या थियो”, धवलागिरि-४ बगरका चित्रतिलिजालेभन्नुभयो,“अहिले घरमै बसेर इन्टरनेट चलाउन पाइएको छ ।” मुक्तिनाथ, लोमान्थाङ, थोराङ्ला भज्ज्याङ, रुकुम सिमानाको पातीहाल्ने, निसेलढोरलगायतमा पनि इन्टरनेट सेवा विस्तार भएको हो। टेलिकमले मुस्ताङको लोमान्थाङ, कोरला नाका र चराङलगायत उच्च बस्तीमा पनि फोरजी सेवा विस्तार गरिसकेको छ । ती स्थानमा विदेशी पर्यटकका साथै आन्तरिक पर्यटक पनि सयौंको सङ्ख्यामा जान थालेकाले टेलिकमले सेवा विस्तार गरेको हो। बागलुङमा ६२ टावरमा टुजी, थ्रीजी ५७ र फोरजी ५४ वटा टावरमा जडान भएका छन्। म्याग्दीमा २२ टुजी, २१ थ्रीजी र १४ वटा फोरजी सेवा विस्तार भएको छ। मुस्ताङमा भने ३१ टुजी, २६ थ्रीजी र २४ वटा फोरजी टावरबाट सेवा सञ्चालनमा छ। पर्वतमा २८ टुजी, २१ थ्रीजी र २६ वटा फोरजी टावरसहितको सेवा विस्तार गरिएको बागलुङ टेलिकम शाखाले जनाएको छ।


# पर्यटकीयस्थलमा फोरजी सेवा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ फागुन

नेपाल टेलिकमले धौलागिरि क्षेत्रका धार्मिक तथा पर्यटकीयस्थलमा थ्रीजी र फोरजी सेवा विस्तार गरेको छ।

बागलुङ, म्याग्दी, मुस्ताङ र पर्वतका धार्मिक र पर्यटकीयस्थलमा विस्तार गरिएको यो सेवाले पर्यटकीय क्षेत्रको भ्रमणमा निस्कने स्वदेशी तथा विदेशी पर्यटकलाई सहज भएको छ । नेपाल टेलिकम बागलुङ शाखाका प्रमुख केशव शर्माले १० देखि १५ घर बस्ती भएको स्थानदेखि पदमार्ग, राजमार्ग र सार्वजनिक महत्वको क्षेत्रमा सहजै इन्टरनेट प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको जानकारी दिनुभयो।

“यो व्यवस्थापछि धेरैले गाउँमा सुरक्षाको अनुभूति गरेका छन्”, उहाँले भन्नुभयो, “विशेषगरी म्याग्दी र मुस्ताङका उपभोक्ताले दुर्घटनापछिको खोजी, उद्धार, प्रसूति, सेवा र पर्यटकको सुरक्षामा बढी राहत महसुस गरेका छन् ।” धौलागिरि बेसक्याम्प जाने पर्यटकका लागि पछिल्लो पटक बगरको डाँडामा राखिएको फोरजी टावरले सहयोग पुगेको छ। यहाँबाट गुर्जाघाट र ढोरपाटनको उत्तरी भेगमा टेलिफोन, मोबाइल र इन्टरनेट चल्न थालेको छ।

“गाउँमा फोन लाग्दैनथ्यो, मोबाइलमा कुराकानी गर्न डाँडामा पुग्नुपर्ने समस्या थियो”, धवलागिरि-४बगरकाचित्रतिलिजाले भन्नुभयो, “अहिले घरमै बसेर इन्टरनेट चलाउन पाइएको छ।” मुक्तिनाथ, लोमान्थाङ, थोराङ्ला भज्ज्याङ, रुकुम सिमानाको पातीहाल्ने, निसेलढोरलगायतमा पनि इन्टरनेट सेवा विस्तार भएको हो।

टेलिकमले मुस्ताङको लोमान्थाङ, कोरला नाका र चराङलगायत उच्च बस्तीमा पनि फोरजी सेवा विस्तार गरिसकेको छ। ती स्थानमा विदेशी पर्यटकका साथै आन्तरिक पर्यटक पनि सयौंको सङ्ख्यामा जान थालेकाले टेलिकमले सेवा विस्तार गरेको हो। बागलुङमा ६२ टावरमा टुजी, थ्रीजी ५७ र फोरजी ५४ वटा टावरमा जडान भएका छन्।

म्याग्दीमा २२ टुजी, २१ थ्रीजी र १४ वटा फोरजी सेवा विस्तार भएको छ। मुस्ताङमा भने ३१ टुजी, २६ थ्रीजी र २४ वटा फोरजी टावरबाट सेवा सञ्चालनमा छ। पर्वतमा २८ टुजी, २१ थ्रीजी र २६ वटा फोरजी टावरसहितको सेवा विस्तार गरिएको बागलुङ टेलिकम शाखाले जनाएको छ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ कमल पोखरी फूटट्याक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः कमल पोखरी फूटट्याक निर्माण**
**स्थानः पोखरा-१३, कास्की**
**योजना सुरु हुने मिति : २०७९/१०/१८ गते**
**योजना सम्पन्न हुने मितिः २०७९/१२/३० गते**
**योजनाको कुल लागत : रु. १०,००,०००।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००।-**
**उपभोक्ता समिति अध्यक्षः केश बहादुर वि.क.**
**सम्पर्कः ९८१६६१२८०९**
**उपभोक्ता समितिका सदस्य संख्याः ७ जना**
**महिला संख्याः २ जना पुरुष संख्याः ५ जना**

**कमलपोखरी संरक्षण समिति**
**पोखरा-१३**



## नाम थर फरक परेतापनि व्यक्ति एउटै भएको सूचना

स्याङ्जा जिल्ला बिरुवा गाउँपालिका वडा नं. २ निवासी भारतीय भू.पु. सैनिक नं. ५२४०९६२ का नायक एक बहादुर गुरुङको श्रीमती गंगा माया गुरुङको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर गंगा माया गुरुङ भएको र निजको श्रीमान्‌को भारतीय पेन्सन अभिलेखमा गंगा माया उल्लेख भई फरक फरक अभिलखमा फरक फरक नामथर भएतापनि व्यक्ति एउटै



भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका नं. २ वडा कार्यालयको च.नं. ३२५, मिति २०७९/०९/१९ को पत्रबाट लेखि आएको जानकारी गराइन्छ।

# घरदैलोमा स्थानीय सरकार केन्द्रको सेवा टोल–टोलमा पुऱ्याउदै चापाकोट

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १९ फागुन



झण्डै ३ महिना प्रमुख प्रशासकीय अधिकृत बिहिन बनेको चापाकोट नगरपालिकाले आफ्नो सेवालाई वडातह देखि टोल–टोलमा पुऱ्याउने अभियान शुरु भएको छ। प्रमुख प्रशासकीय अधिकृत ध्रुव खनाल नगरपालिकामा हाजिर भएपछि केन्द्रको सेवा प्रवाहलाई वडा देखि टोल–टोलमा पुऱ्याउने अभियान शुरु भएको हो । प्रशासकीय अधिकृत नहुँदा नागरिकका सिफारीस देखि सामान्य कामको मात्रै सेवा प्रवाह गरेर बस्न बाध्य भएको नगरपालिकाले अधिकारी आएपछि अब कामको गति लिएको छ । विकासका योजना सम्झौता देखी औषधी खरिद, कर्मचारी तलब, सामाजिक सुरक्षा भत्ता लगायतका कामहरु ठप्प रहेका थिए । प्रमुख प्रशासकीय अधिकृत खनाल आएपछि स्थानीय सरकारले प्रवाह गर्नुपर्ने सबै सेवाहरु सुचारु भएको नगर प्रमुख देवबहादुर खाँण(इश्वर) ले जानकारी दिए।

हिउदे अधिवेसन देखी प्रदेश र संघिय सरकार सगँ माग्नुपर्ने योजनामा समेत प्रभावित बनेको थियो । अब हामी रफ्तारमा नगरपालिकाको सबै काम अगाडी बढाउने छौं नगर प्रमुख खाँणले भने,'अहिले एकिकृत घुम्ति सेवा वडातहमा पुऱ्याउने अभियानमा छौं ।' नगरपालिकाको केन्द्रबाट हुने सेवालाई वडातहबाटै गर्नेगरी अगाडी बढेका छौं उनले भने । प्रमुख प्रशासकीय अधिकृत नहुँदा आर्थिक चलायमान समेत प्रभावित बन्ने रहेछ भन्ने अनुभव नगर प्रमुख खाँणको छ । अहिले नगरपालिकाले हरेक वडाका टोल–टोलमा पुगेर नागरिकको स्वास्थ्य परिक्षण सहित योजना सम्झौता गर्ने काम भइरहेका छन्। फागुन १५ गतेदेखी नगरपालिकाले एकिकृत घुम्ती शिविर शुरु गरेको छ। अहिले सम्म नगरपालिकाका ३, ४, ५, ६ वडामा घुम्ति शिविर सकिएको प्रमुख प्रशासकीय अधिकृत ध्रुव खनालले बताए । अहिले नगरपालिका अल्झिएका कामलाई प्रथामिता दिएका छौं उनले भने,'बिस्तारै सबै वडातहबाट केन्द्रको सेवा प्रवाह गर्ने तयारीमा छौं ।' योजना सम्झौता र स्वास्थ्य परिक्षणलाई पहिलो प्रथामिकतामा राखेर घुम्ति शिविर आयोजना गरेका हौं उनले भने। सबै वडामा यो सेवा सकिएपछि कृषि, पशु र योजना अनुगमनलाई अगाडी सार्ने खनालले बताए। योजनाहरु सम्झौता भएपछि विकासका काम अगाडी बढ्ने छन् उनले भने,'जसले नगरपालिकाको प्रगति प्रतिवेदनले सफलता पाउछ ।' नागरिकमा देखिएको नैरास्यतालाई यस्ता कामले उत्साहमा बदल्ने विश्वास हाम्रो छ उनले भने । नगरपालिकाको ४ ओटा वडामा दिएको सेवाबाट ९३५ जना सेवाग्राही स्वास्थ्य परिक्षणबाट लाभान्वित भएका छन्। अहिले सम्म ९७ वटा योजना सम्झौता भएको नगरपालिकाले जनाएको छ । स्वास्थ्य र योजना सम्झौता सेवा लिएर टोलमा पुगेको नगरपालिकाको यो सेवाबाट नागरिकहरुमा खुशी छाएको छ । सबै नागरिकलाई पहिला स्वास्थ्य बनाउनु पर्छ भन्ने उदेश्यले बिशेषज्ञ डाक्टर सेवा सहित स्वास्थ्य शिविर आयोजना गरिएको नगरपालिका स्वास्थ्य शाखा प्रमुख नवराज पौडेलले बताए। उनका अनुसार प्रयोगशाला सेवाबाट ५४२, इसिजी सेवाबाट २२५, भिडियो एक्सरे सेवाबाट ३१४, महिलाको पाठेघरको मुखमा क्यान्सर हुन सक्ने समस्या पहिचान सेवाबाट २०२ र आँखा शिविरबाट १०१ जनाले सेवा लिएको बताए । स्वास्थ्य परिक्षणबाट ९ जना महिलामा पाठेघरको मुखमा क्यान्सर समस्याको पहिचानका लागि गण्डकी अस्पताल पोखरा रिफर गरिएको स्वास्थ्य शाखा प्रमुख पौडेलले बताए। ४० बर्ष माथीका महिला पुरुषहरुमा मुटु सम्वन्धी रोग, मधुमेह, पत्थरी, पाठेघरमा मासु पलाएको, महिलाहरुमा आङ् खस्ने समस्या र हाडजोर्नी र नसा सम्वन्धी समस्या देखिएको उनले बताए । नगरपालिकाबाट हुन सक्ने निदानका लागि उनीहरुलाई निशुल्क औषधीको व्यवस्था गरिएको छ। आधारभुत स्वास्थ्य सेवा दिने स्थानीय सरकारको निर्णय भएपनि नागरिकलाई विशेषज्ञ सहितको डाक्टरी सेवा घरदैलोमा पाएपछि नागरिकले सरकारको महशुष गरेको पाइएको बताइएको छ । हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डाक्टर सुमन खनिया, भिडियो एक्सरे विशेषज्ञ डाक्टर बिक्रम तिवारी सहित चापाकोट अस्पतालका नर्स लगायत स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य परिक्षण गरिएको पौडेलले जानकारी दिए। सामान्य योजनाको काम सम्झौता गर्न ठुलो रकम खर्चेर केन्द्रमा धाउन र सामान्य रोग लागेमा अस्पताल सम्म धाउन समस्या बोक्दै आएका चापाकोट नगरपालिकाका नागरिकलाई घरदैलोमा पुगेर सेवा प्रवाह गर्ने अभियानको नागरिकले खुलेर प्रशंसा गरेका छन् । यस्ता कार्यक्रमलाई हरेक महिना नागरिकको घरदैलोमा पुऱ्याउने कार्यलाई निरन्तरता दिनुपर्ने चापाकोटवासीले माग गरेका छन् । नगरपालिकाको साधनश्रोतले भ्याएसम्म नागरिकलाई घरदैलोमा सेवा प्रवाह गर्ने अभियान नरोकिने नगरपालिकाले जनाएको छ।

# विभिन्न कार्यक्रम सहित अल्फा बोडिङको वार्षिकोत्सव सम्पन्न

**प्रतिक्षा पौडेल/समिक्षा गौतम**
पोखरा, १९ फागुन



पोखरा महानगरपालिका वडा नं १६ लामाचौरमा स्थित अल्फा बोडिङ्ग स्कुलको ३४ औं वार्षिकोत्सब विभिन्न कार्यक्रम सहित सम्पन्न भएको छ । कार्यक्रमको उद्धघाटन गर्दै प्राज्ञ एवं विम्ब कवि रमेश श्रेष्ठले गुणस्तरीय शिक्षामा विद्यालयले खेलेको भुमिका प्रशंसनिय रहेको बताउनु भयो ।

वालवालिका सिर्जनाको मुहान भएकाले उनीहरूको प्रतिभालाई प्रस्फुटन गर्ने अवसर दिनुपर्ने बताउनुभयो । अबको शिक्षा सैद्धान्तिक भन्दा पनि बढी व्यवहारिक र सिम मुलक हुनुपर्ने विम्ब कविको भनाई थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं प्रार्चाय सुरेन्द्रमान सिंह भण्डारीको अध्यक्षतामा कार्यक्रम समपन्न भएको थियो । विद्यालयको मुखपत्र वाणीको प्रमुख अतिथी श्रेष्ठ , प्याब्सन कास्कीका पुर्व अध्यक्ष दिनेश श्रेष्ठ र अध्यक्ष भण्डारीले संयुक्त रुपमा विमोचन गर्नुभयो। वाणीमा विद्यार्थीले रचना गरेका विभिन्न सामग्रीहरू सग्रंहित गरिएको विद्यालयका कार्यकारी निर्देशक दिपक गुरुङले बताउनु भयो । बार्षिकोत्सवमा यस शैक्षिक सत्रको शैक्षिक तथा खेलकुद तर्फको पुरस्कार वितरण समेत गरिएको उहाँले जनाउनु भयो। त्यस्तै एस इ इमा उत्कृष्ट हुन सफल सिर्जना गुरुङ, विनय आचार्य, र ओस्कार गुरुङ, सेण्ड अप टपर सुनिल थापालाई पनि पुरस्कार वितरण गरिएको छ। कार्यक्रममा लेखा कर्मचारी रितु केसी, र कर्मचारी घनशोभा गुरुङलाई दिर्घ सेवा पदकवाट सम्मान गरिएको शिक्षक तारा वहादुर केसीले बताउनु भयो ।

विद्यालयले सुविधा सम्पन्न प्रविधिमैत्री वाल विकास तह संचालनको तयारी गरेको विद्यालयका प्राचार्य सुरेन्द्र मान सिंह भण्डारीले बताउनुभयो। उहाँका अनुसार विद्यालयमा हाल नर्सरी देखि दश कक्षासम्म ५ सय विद्यार्थी अध्ययनरत रहेको र ४६ जना शिक्षक कर्मचारी कार्यरत रहेका छन्। विद्यार्थी जेनिशा भण्डारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षक भारती गौतमले गर्नुभएको थियो। कार्यक्रममा विद्यार्थीले विभिन्न सास्कृतिक कार्यक्रम सहित जनचेतना मुलक नृत्य प्रस्तुत गरेका थिए। सो अवसरमा सहभागिले विद्यार्थीले तयार पारेका विभिन्न शैक्षिक सामग्री प्रर्दशनीको रूचि पुर्वक अवलोकन गरेका थिए ।

# पर्वतका होम-स्टेमा पर्यटकको चहलपहल

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

पर्वतका ग्रामीण क्षेत्रमा सञ्चालित होम-स्टे (घरबास) मा पर्यटकको चहलपहल बढ्दै गएको छ। जिल्लाका गाउँगाउँमा होम-स्टे सञ्चालनमा छन् ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को समयमा ठप्प बनेका अधिकांश होम-स्टेमा अहिले आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको सञ्चालकले बताएका छन् । गण्डकी प्रदेशकै अग्रणी होम-स्टे सेवा दिँदै आएको मोदी गाउँपालिका-८ चित्रेस्थित सामुदायिक होम-स्टेमा आउने पाहुनाको सङ्ख्या दैनिकजसो बढ्दै गएको छ । 'चित्रे ग्रामीण पर्यटन होमस्टे'मा विभिन्न जिल्लाबाट पाहुना आउने क्रम बढेको होम-स्टे व्यवस्थापन समितिका अध्यक्ष सुशीलादेवी गुरुङले बताउनुभयो ।

प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल पञ्चासेको काखमा रहेको चित्रेबाट देखिने प्राकृतिक दृश्यका साथै गुरुङ जातिको मौलिक कलाले होम-स्टेमा आउनेहरू आकर्षित हुने गरेका छन् । अहिले आन्तरिक पर्यटक आउने क्रम कोभिड-१९ भन्दा अघिकै जस्तै हुन थालेको उहाँले बताउनुभयो। पोखरा र काठमाडौँबाट समेत विभिन्न समूहमा आन्तरिक पर्यटक आउन थालेको गुरुङ बताउनुहुन्छ।

यहाँ वार्षिक तीन हजारभन्दा बढी पर्यटक होम-स्टेमा पुग्ने गरेको तथ्याङ्क छ । "कोभिड-१९ का बीचमा पनि हामीले होम-स्टे खुला गरेका थियौँ, अब आन्तरिक मात्र नभएर बाह्य पर्यटक आउने क्रम सुरु भएको छ", उहाँले भन्नुभयो, "विस्तारै पुरानै लयमा फर्किएको अनुभूति भएको छ ।" चित्रेको होम-स्टेलाई व्यावसायिकरुपमा भन्दा पनि सेवामुखी बनाइएको छ। कतिपय ठाउँमा होम-स्टे चलाएरनै दैनिक गुजारा चलाउनेको दैनिकी रहने गरेको भए पनि चित्रेमा होम-स्टे चलाइरहेका सात घरका लागि त्यो बाध्यता छैन । जति बचत हुन्छ, त्यसको करिब दुई प्रतिशत वातावरण संरक्षण, शिक्षा, पर्या पर्यटनमा लगानी गर्ने गरेको र पाँच प्रतिशत होम-स्टेको कोषमा राख्ने गरिएको सञ्चालक समितिले जनाएको छ । समितिका अनुसार चित्रेको होम-स्टेमा एक पटकमा ७० जनासम्म राख्न सक्ने क्षमता छ । चित्रे हुँदै स्याङ्जा, कास्की र पर्वतको सङ्गमस्थल पञ्चासेमा पदयात्रा गर्दै जाने 'रुट' रहेका कारण पदयात्रामा जाने आन्तरिक पर्यटकको सङ्ख्या बढेको छ । होम-स्टे पुग्नासाथ गुरुङ पोसाकमा सजिएका महिलाबाट टीका, फूल र मालाबाट गरिने आतिथ्यले सबैलाई फुरुङ्ग बनाउँछ । खानाको रुपमा कोदोको पिठोबाट बनाइएको पुवा, सेल रोटी, गुन्द्रुक र भट्टको तरकारी, स्थानीय जातका गोलभैँडाबाट बनाएको चटनी अनि लेकको चिसो पानीले मथेर बनाएको मोहीले धेरैलाई लोभ्याउँछ। चित्रेको होमस्टेका आकर्षणमा अर्गानिक र स्थानीय खानाका स्वादसँगै पञ्चेबाजाको ताल र भजनको टुक्का पनि रहेको होम-स्टे विकास समितिका सल्लाहकार मधुसोदन अधिकारीले बताउनुभयो । मौलिक कलाको प्रचार र प्रवर्द्धन तथा पाहुनाको मनोरञ्जनका लागि साँझमा पञ्चेबाजा र भजन टोलीको फरक फरक प्रस्तुतिले धेरैलाई रमाइलो लाग्ने गरेको होमस्टेमा पुगेका पत्रकार अगन्धर तिवारीले बताउनुभयो । गुरुङ समुदायको बाहुल्यता रहेको चित्रेमा गुरुङ सङ्ग्रहालय बनाउने तयारी समेत गरिएको स्थानीय वडाध्यक्ष सुकबहादुर गुरुङले बताउनुभयो ।

उता जिल्लाको कुश्मा नगरपालिका-३ मा दुर्लुङ, वडा नं १४ आर्थर, फलेवास नगरपालिका-२ थापाठाना, जलजला गाउँपालिकाको बाँखसर्क, लेखफाँट, शालिजा, महाशीला गाउँपालिकाको भोक्सिङ, पाखापानी, बालाकोट, लुंखु, विहादी गाउँपालिकाको गेप्ताङ र बाँच्छा सामुदायिक होमस्टे र पैंयु गाउँपालिकाको चिन्नेखर्कलगायतका स्थानमा पनि आन्तरिक पर्यटकको चहलपहल बढ्दै गएको छ।

# दोर्दी गाउँपालिका जोड्ने सडक ६० प्रतिशत निर्माण

**पोखरापत्र संवाददाता**
लमजुङ, १९ फागुन

जिल्लाको दोर्दी गाउँपालिकाको केन्द्र जोड्ने सडक ६० प्रतिशत निर्माण सम्पन्न भएको छ । गण्डकी प्रदेश सरकारको लगानीमा दोर्दी गाउँपालिकाको केन्द्र जोड्ने उदिपुर-रिठ्ठेबगर-नौथर सेरा सडक कालोपत्रको कामले तीव्रता पाएको हो ।

ग्याबेल, ग्याबिन वाल, मेशिन वालको काम तीव्ररूपमा भइरहेको पूर्वाधार विकास कार्यालय लमजुङले जनाएको छ। कार्यालयका सडक इन्जिनियर राजेश अधिकारीले हालसम्मसाढे तीन किलोमिटरको स्ट्रक्चरको काम सम्पन्न भईकालोपत्र गर्ने प्रक्रियामा रहेको जानकारी दिनुभयो। उहाँका अनुसार अन्य भागमास्ट्रक्चरको काम सुरु गर्ने तयारीमा छ।सडकको बेस बसाउने तथापाँच किलोमिटर नाला निर्माण सम्पन्न भएको छ।

सरकारको 'एक पालिका एक सडक' अभियानअन्तर्गत निर्माण सुरु भए पनि ढिलासुस्तीका कारण निर्धारित समयमा निर्माण सम्पन्न हुन सकेको छैन। कन्टेक निर्माण प्राइभेट लिमिटेड काठमाडौँले विसं २०७७ असार ३ मा सम्झौता लिएको थियो। विसं २०७९ असार २ भित्र कालोपत्र गरिसक्ने गरी ठेक्का लिए पनि कोभिडका कारण समयमा काम सक्न ढिलाइ भएको कारण देखाउँदै निर्माण कम्पनीले गत पुससम्म काम सक्ने गरी जिम्मेवारी पाएको थियो । उक्त समयमा पनि निर्माण सम्पन्न नहुने भएपछि आगामी असार २९ सम्मका लागि सम्झौता म्याद थप गरिएको छ। प्रदेश सरकारको रु२६ करोड २९ लाख ६ हजार दुई सय २५ को लगतमा सात दशमलव एक सय २१ किलोमिटर सडक कालोपत्र हुन लागेको हो। पूर्वाधार कार्यालयका अनुसार बैंसीसहर नगरपालिका-१ उदिपुरदेखि दोर्दी गाउँपालिका-४ मा पर्ने दोर्दी गाउँपालिकासँग जोड्ने सडकको कालोपत्र थालिएको हो । सो सडकखण्डअन्तर्गत दुई ठाउँमा गरी एक हजार एक सय १३ घनमिटर सडक ढलान गर्ने योजना रहेकोइन्जिनियर अधिकारीले बताउनुभयो । उहाँका अनुसार कालोपत्र चार सेन्टिमिटरको हुनेछ। सडकको निर्माण समयमा नै सम्पन्न नहुँदा पैदल यात्रुले सास्ती खेप्नु परेको दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीले बताउनुभयो। "हिउँदमा पानी पर्दा हिलाम्मे र घाम लाग्दा धुलाम्मे हुने समस्या छ", उहाँले भन्नुभयो।

अध्यक्ष अधिकारीले नागरिकको दैनिक यात्रालाई सहज बनाउनकाम जतिसक्दो छिटो सम्पन्न गर्नुपर्नेमा आफूले पहल गर्दै आएको बताउनुभयो। उहाँका अनुसार यस सडकखण्डमा वर्षायाममा साना तथा दुईपाङ्ग्रे सवारीसाधन आवतजावत गर्न समस्या हुने गरेको छ। कालोपत्र सम्पन्न भएपछि यात्रा सहज यात्रा स्थानीयवासीको भनाइ छ । सडक निर्माण भएपछि बैंसीसहर नगरपालिका र दोर्दी गाउँपालिकाका स्थानीयवासी प्रत्यक्ष लाभान्वित हुनेछन्।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६ सगरमाथा आदर्श समाज सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः सगरमाथा आदर्श समाज सडक निर्माण
स्थानः पोखरा–१६ लामाचौर, सगरमाथा टोल
योजना सम्झौता मिति : २०७९/०९/२२ गते
योजना सुरु भएको मिति : २०७९/०९/२७ गते
योजना सम्पन्न मितिः २०७९/११/१२ गते
योजनाको कुल लागत : रु. २२,२२,५१९.७५ ।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२०,००,००० ।–
जन सहभागितावाट : रु.२२,५१९.७५ ।–
उपभोक्ता समिति अध्यक्षः महाप्रसाद गुरुङ
सम्पर्कः ९८०६६५६०६२
उपाध्यक्षः याम बहादुर गुरुङ सचिवः विष्णुकुमारी रानामगर
कोषाध्यक्षः दिल बहादुर गुरुङ

**सगरमाथा आदर्श समाज सडक निर्माण उपभोक्ता समिति पोखरा-१६, लामाचौर**



## दुवै नाम थर भएको व्यक्ति एउटै भएको सूचना



स्याङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. १२ निवासी भारतीय भु.पु. सैनिक नं. ५७४५५८९ H (HON-NB-SUB) मोहन बहादुर गुरुङको श्रीमती याम माया गुरुङको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर याम माया गुरुङ र जन्ममिति वि.सं. २०१०/०६/१८ भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर Yam Maya Gurungseni सन् २५/०९/१९५१ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर, जन्ममिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धीत निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका १२ नं. वडा कार्यालयको च.नं. ८३५ मिति २०७९/१०/२३ को पत्रबाट लेखिआएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**त्रिभुवन विश्वविद्यालय**
## वन विज्ञान अध्ययन संस्थान
**पोखरा क्याम्पस**
**पोखरा, नेपाल**

## पार्किङ स्थल निर्माण गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आब्हानको सूचना

यस क्याम्पसको गुराँश र कस्तुरी छात्रवास नजिक पार्किङ स्थल बनाउनु पर्ने भएको हुँदा भ्याट बाहेक रु. ३,९०,२६२.७०/–(तीन लाख नब्बे हजार दुई सय बैसट्ठी र पैसा सत्तरी मात्र) मा नबढाई कामकाज गर्न ईच्छुक, कालो सूचीमा नपरेका आधिकारिक ईजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/१२/०५ गते भित्र रीतपूर्वकको शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख